# पुनर्बीमकको लगानी (पहिलो संशोधन) निर्देशन, २०८०

<u>स्वीकृत मिति</u>: २०८०।०९।०५

**<u>प्रस्तावना</u>**: पुनर्बीमकको लगानी निर्देशन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिले देहायका निर्देशनहरु जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस निर्देशनको नाम "पुनर्बीमकको लगानी (पहिलो संशोधन)निर्देशन, २०८०" रहेको छ ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>पुनर्बीमकको लगानी निर्देशन, २०७९ को क्र.सं. १.१ मा संशोधनः</u>**

(१)पुनर्बीमकको लगानी निर्देशन, २०८९ (यस पछि मूल निर्देशन भनिएको) को क्र.सं. १.१ (७) को लगानीको क्षेत्र महलमा रहेका "साधारण शेयर" भन्ने शब्दहरुको सट्टा "शेयर" भन्ने शब्द राख्ने ।

(२)मूल निर्देशनको क्र.सं. १.१ (७) लगानीको शर्त महलमा रहेका "पाँच प्रतिशत" भन्ने शब्दहरुको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरु राख्ने।

(३)<u>मूल निर्देशनको क्र.सं. १.१ (१२) थप :</u> क्र.सं. १.१ (११) पछि पछि देहाय बमोजिमको व्यवस्था थप गर्ने :-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त |
|---|---|---|---|
| १.१२ | विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्ड | कुल लगानीको बढीमा एक दशमलव पाँच प्रतिशत | एकै फण्डमा बढीमा एक प्रतिशत सम्म लगानी गर्न सकिने । |

३. क्र.सं. १.१० को लगानीको क्षेत्र महलमा रहेका "बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र र सेवामूलक क्षेत्रमा लगानी गर्नु पूर्वप्राधिकरणको स्वीकृति लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टामा "बीमकले सहायक कम्पनी, घरजग्गा व्यवसाय, कृषि उत्पादन तथा वितरण, शीत भण्डार गृह, पर्यटन उद्योग, जलविद्युत, सौर्य उर्जा, लगायत नवीकरणीय उर्जा परियोजना, केवलकार, सडक, विद्युत प्रसारण लाइन, शिक्षा, स्वास्थ्य क्षेत्र, सेवामूलक क्षेत्र, विशिष्टीकृत लगानी कोष नियमावली बमोजिम धितोपत्र बोर्डबाट व्यवसाय गर्न स्वीकृति प्राप्त प्राइभेट इक्वीटी फण्ड र भेन्चर क्यापिटल फण्डमा लगानी गर्नु पूर्व, निर्देशनमा उल्लख भए भन्दा अन्य क्षेत्रमा लगानी गर्नु पूर्व तथा निर्देशनमा तोकिएको सीमा भन्दा बढी लगानी गर्नु पूर्व प्राधिकरणको अनिवार्य स्वीकृति लिनु पर्नेछ" भन्ने व्यवस्था थप गर्ने ।